नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## अपराध अनुसन्धान विभाग

## नेपाल प्रहरी केनाइन कार्यालय

महाराजगंज काठमाडौँ

**विषय:- निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी सूचना ।**

**( सूचना प्रकाशित मिति २०८३।०६।२३ गते )**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"** बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"** बाट न्यूनतम मूल्य निर्धारण समेत भएको यस कार्यालयमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण गर्ने व्यवस्था मिलाईएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सक्कलै निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | जात | नाम | लिङ्ग | जन्म मिति/उमेर | विषय | निर्धारित मूल्य | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | जर्मन शेफर्ड (German Shepherd) | एला (Ella) | पोथी | २०७५।०५।१३ (८ बर्ष २ महिना) | विस्फोटक पदार्थ खोजी एवं पहिचान | ७,०००।- | |
| २. | ल्याब्राडोर (Labrador) | बेनी ( Beni ) | भाले | २०८०।०२।२१ ( ३ बर्ष ४ महिना ) | विस्फोटक पदार्थ खोजी एवं पहिचान | ५,०००।- | |

**निवेदनका साथ पेश गर्नु पर्ने कागजात:-**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि ।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि ।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि ।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामाको प्रतिलिपि ।
५. **Online निवेदन पेश गर्नको लागि:** निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन भरी निवेदन तथा आवश्यक कागजातहरु Scan गरेर यस कार्यालयको ईमेल ठेगाना canine_admin@nepalpolice.gov.np मा पठाउन सक्नुहुनेछ ।

अध्यक्ष

( प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल )

निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति